राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं




Monthly Publication

Volume 23, Issue 7 No. 161 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Falgun 2080 (Feb/March-2024)

## कम्पनीको २०औं वार्षिकोत्सव सम्पन्न




नेपाल टेलिकमले आफ्नो स्थापनाको २०औं वार्षिकोत्सव कार्यक्रम गत २०८० माघ २२ गते विभिन्न कार्यक्रम गरी सम्पन्न गरेको छ। कम्पनीको केन्द्रीय कार्यालयका साथै विभिन्न प्रादेशिक निर्देशनालय र कार्यालयहरुमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो।

कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित समारोहको अध्यक्षता सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवम् कम्पनी सञ्चालक समितिका अध्यक्ष रामकृष्ण सुवेदीले गर्नुभएको थियो।

समारोहमा कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय रेखा शर्माले उपभोक्ताको चाहना अनुरुप सेवाहरुको आधुनिकीकरण, विकास र परिमार्जन गर्दै सबै स्थानीय तहसम्म सेवा पुऱ्याउन सहयोग गर्ने सबै कर्मचारी र सम्बद्ध पक्षहरुमा धन्यवाद ज्ञापन गर्दै ग्राहकलाई सर्वसुलभ तथा भरपर्दो रुपमा सेवा प्रदान गर्ने खालका नीति, योजना र कार्यक्रम सञ्चालन गर्न जरुरी भएको बताउनु भयो। पूर्वाधार विकास, सेवा पहुँच र सेवा विस्तार लगायतका विभिन्न कार्यक्रम समेटेर १९ जिल्लालाई नमूना दूरसञ्चार जिल्ला बनाउने कार्यका साथ अगाडि बढेको र यो अवधिमा गरिएका विभिन्न कार्यका वारेमा चर्चा गर्दै मन्त्री शर्माले आगामी दिनमा सेवामा उल्लेखनीय सुधार र आय वृद्धिको लागि आवश्यक कार्य गर्न निर्देशन दिनुभयो। सरकारको डिजिटल नेपालको अवधारणा साकार पार्न कम्पनी कार्यक्रमहरु परिलक्षित रहेको बताउदै मन्त्री शर्माले आगामी दिनमा आइपर्ने समस्यालाई ध्यानमा राखी दीर्घकालीन व्यावसायिक योजना बनाउन पहल गर्न आवश्यक रहेको बताउनु भयो। कम्पनीको ऐतिहासिक विरासत कायम राख्न र आयमा वृद्धि गर्न सम्पूर्ण संयन्त्र परिचालन गर्न समेत मन्त्री शर्माले निर्देशन दिनुभयो।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष रामकृष्ण सुवेदीले कम्पनीले संस्थागत सुशासन कायम गर्दै गुणस्तरीय सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने बताउनु भयो। उहाँले आन्तरिक कार्य वातावरण चुस्त बनाउँदै निर्णय प्रक्रिया, कार्य पद्धति र संस्थागत संरचनामा सुधार गरी प्रगतिशील संस्थाका रुपमा कम्पनीलाई विकास गर्नुपर्ने बताउनु भयो।

नेपाल दूरसञ्चार प्राधिकरणका कार्यवाहक अध्यक्ष नवराज अधिकारीले नेपालमा दूरसञ्चार सेवाको विकास र विस्तारमा नेपाल टेलिकमको अहम् भूमिका रहेको उल्लेख गर्दै प्रविधिको परिवर्तनसँगै कम्पनीलाई समय सापेक्ष सुधार गर्न आवश्यक रहेको र सो का लागि नियामक निकायको तर्फबाट सहयोग, समन्वय र सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। सेवाको कभरेज र गुणस्तरमा ध्यान दिन आग्रह गर्दै उहाँले यसका लागि टेलिकमकर्मी एकजुट भई लाग्नुपर्ने समेत बताउनु भयो।

सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) शंकर लामिछानेले प्रतिस्पर्धी वातावरणमा मन्त्रालय लगायत नियामक निकायबाट कम्पनीका लागि आवश्यक नीति निर्माण गर्न र अग्रणी सेवाप्रदायकको रुपमा राखिरहन आवश्यक सहयोगको अपेक्षा गर्नुभयो। उहाँले सकारात्मक कार्य वातावरणको निर्माण गर्न कर्मचारी, व्यवस्थापक र नीति निर्माता बिच ऐक्यवद्धताको आवश्यकता रहेको समेत बताउनुभयो।

(बाँकी २ पेजमा)

## Nepal Telecom On Wheel को शुभारम्भ




नेपाल टेलिकमको २०औं वार्षिकोत्सवको अवसरमा 'नेपाल टेलिकम अन हिवल' कार्यक्रम दूरसञ्चार कार्यालय, सुन्धाराबाट सुरुवात गरिएको छ। प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले गत माघ २० गते शुभारम्भ गर्नुभएको सो कार्यक्रम अन्तर्गत शनिबार तथा अन्य विदाको दिनमा समेत सवारी साधनमार्फत सेवाग्राहीको घरदैलोमै पुगी कम्पनीका विभिन्न सेवाहरु उपलब्ध गराइने छ। नयाँ सिमकार्ड वितरण, सिम परिवर्तन, डाटा तथा टेलिफोन सेवा उपलब्ध गराउनुका साथै मर्मत सम्भार कार्यहरु पनि यस अभियानमार्फत सम्पन्न हुनेछ।

सो अभियानको शुभारम्भ गर्दै प्रबन्ध निर्देशक पहाडीले ग्राहकलाई सहज रुपमा सेवा उपलब्ध गराउन कम्पनीले निरन्तर रुपमा विभिन्न कार्य गरिरहेको र यसैको नयाँ कदमको रुपमा 'नेपाल टेलिकम अन हिवल' रहेको बताउनु भयो। उहाँले सो कार्यक्रम आगामी दिनमा देशैभर विस्तार गरिने समेत बताउनु भयो।

(बाँकी २ पेजमा)

## पोखरामा कपर लाइन एनटी फाइबरमा रुपान्तरण




प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेश अन्तर्गत दूरसञ्चार कार्यालय पोखरामा कपर लाइनबाट संचालित PSTN लाइनहरु पूर्ण रुपमा फाइबर टु द होम (एफटीटीएच) प्रविधिमा आधारित एनटी फाइबरमा रुपान्तरण गरिएको छ।

पोखराका अधिकांश क्षेत्रहरु लामाचौर, रामबजार, पार्दी, रानीपौवा, महेन्द्रपुल लगायतका स्थानहरुमा सञ्चालनमा रहेका कपर लाइनहरु एफटीटीएच प्रविधिको एनटी फाइबर प्रणालीमा रुपान्तरण गरिएको हो। अबदेखि सो क्षेत्रका सेवाग्राहीहरुले एउटै तारबाट टेलिफोन, इन्टरनेट तथा टेलिभिजन प्रयोग गर्न सक्नेछन्।

गत माघ २६ गते दूरसञ्चार कार्यालय पोखरामा आयोजित एक कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले रानीपौवामा रहेको

(बाँकी २ पेजमा)

(१ पेजको बाँकी)

## कम्पनीको २०औं ...



नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले कम्पनीको समग्र अवस्थाका बारेमा छोटकारीमा जानकारी गराउँदै कम्पनीले मुलुकको ७७ वटै जिल्लामा तारहित फोरजी एलटीई प्रविधिमा आधारित मोबाइल र डाटा सेवा तथा ७४ जिल्लामा अप्टिकल फाइबरमा आधारित एफटीटीएच सेवा सञ्चालनमा ल्याएपछि ग्राहक आधारमा निरन्तर वृद्धि भइरहेको बताउनु भयो । एनटी फाइबर सेवालाई थप आकर्षक बनाउन विभिन्न कार्य भइरहेको, हाइवे नेटवर्क सुधारको कार्य अगाडि बढाइएको र जिल्लावाइज नेटवर्क सुधार गर्ने उद्देश्यले १९ जिल्लालाई नमूना टेलिकम जिल्ला घोषणा गरी तीव्रताका साथ कार्य अगाडि बढाइएको बताउनु भयो ।

कम्पनीले भूकम्प प्रभावित क्षेत्रका लागि विभिन्न सहुलियत प्रदान गरेको बताउदै प्रबन्ध निर्देशक पहाडीले आगामी दिनमा विभिन्न सामुदायिक विद्यालयहरूमा आईसीटी ल्याबको स्थापना गरिने, सरकारी तथा सामुदायिक विद्यालयहरुमा एफटीटीएच डाटा तथा नमस्ते वाईफाई उपलब्ध गराइने र वीर अस्पताल लगायत सरकारी अस्पतालहरुमा बिरामी तथा कुरुवाहरुको लागि Bed-Cum Chair उपलब्ध गराइने कार्यक्रम रहेको बताउनु भयो ।

प्रबन्ध निर्देशक पहाडीका अनुसारकम्पनीको २०औं वार्षिकोत्सवको अवसरमा हाल सञ्चालनमा रहेको Chatbot लाई स्तरोन्नति गरी AI प्रविधिको LLM (Large Language Model) मा आधारित Chatbot सञ्चालनमा ल्याउने तयारी कार्य अन्तिम चरणमा रहेको छ । त्यसैगरी NT Anniversary Offer अन्तर्गत विभिन्न सुविधाहरु उपलब्ध गराइएको छ । गत वर्षको Anniversary Offer अन्तर्गतको २० एमबीपीएस डाटा, एउटा टेलिफोन र एउटा एनटीटीभी सहितको एफटीटीएच कम्बो प्याकेज खरिद गर्नु भएका ग्राहकले साविकको भन्दा करिब १५ प्रतिशत कम मूल्यमै ५० एमबीपीएस क्षमताको एफटीटीएच प्याकेज नवीकरण गर्न सक्नुहुनेछ । नयाँ ग्राहक एवम् अन्य प्याकेज नवीकरणको हकमा साविककै मूल्यमा स्पिड अभिवृद्धि गरी २५० प्रतिशत सम्म पुऱ्याइएको कम्बो प्याकेज खरिद गर्न सक्नुहुनेछ । त्यसैगरी नयाँ एफटीटीएच सेवा खरिद गर्दा एक थान प्रिपेड सिमकार्ड निःशुल्क प्रदान गरिनेछ ।

कार्यक्रममा कम्पनीका सबैभन्दा बढी रिचार्ज कार्ड बिक्री गर्ने सातै प्रदेशका बिक्रेताहरु र एमपोस बिक्रेता तथा कम्पनीका विभिन्न सेवाको सबैभन्दा बढी राजस्व बुझाउने सेवाग्राहीहरुलाई सम्मान गरिएको थियो । साथै, कम्पनीमा २० वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

वार्षिकोत्सवको अवसरमा विभिन्न समयमा आयोजित दौड प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, चेस प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगिता र टेबल टेनिस प्रतियोगितामा विजयी खेलाडीहरु तथा रक्तदान कार्यक्रममा संलग्न कर्मचारीहरुलाई समेत छुट्टै समारोहमा पुरस्कृत गरिएको थियो ।

(१ पेजको बाँकी)

## पोखरामा कपर लाइन ...



Siemens Exchange को पावर अफ गरी स्थानीय टेलिफोन (PSTN) लाइनहरु एफटीटीएचमा रुपान्तरण भएको घोषणा गर्नु भयो ।

सो अवसरमा प्रबन्ध निर्देशक पहाडीले पछिल्लो समयमा प्रविधिमा समेत परिवर्तन आइरहेको र विभिन्न कारणले भ्वाइसबाट हुने आम्दानीको तुलनामा डाटा सेवाको माग बढिरहेको बताउँदै सबै प्रकारका चुनौतीको सामना गर्ने गरी अगाडि बढ्नु पर्ने आवश्यकता औंल्याउनु भयो । उहाँले सबै कर्मचारी एक ढिक्का भई अगाडि बढेमा सबै चुनौतीको सामना गर्न सकिने भएकाले प्रतिस्पर्धात्मक वातावरणमा दक्षतापूर्वक कार्य गरेमा कम्पनीको आर्थिक स्थिति समेत मजबुत हुने र कम्पनीको भविष्य पनि सबल हुने बताउनु भयो ।

प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेशका निर्देशक इन्दल यादवले गण्डकी प्रदेशभर नयाँ प्रविधि (FTTH) को नेटवर्क निर्माण कार्य ८० प्रतिशत सकिएको जानकारी दिदै सो बाट ६५ प्रतिशत माईग्रेसन तथा ३५ प्रतिशत नयाँ लाइन वितरण भएको बताउनु भयो ।

दूरसञ्चार कार्यालय, पोखराका कार्यालय प्रमुख राकेश चौधरीले पोखराका अधिकांश स्थानमा पुरानो प्रविधिलाई पहिले नै एनटी फाइबरमा रुपान्तरण गरिसकेको बताउँदै ग्राहकलाई कम मूल्यमा गुणस्तरीय सेवा उपलब्ध गराउन र बिक्री पछिको सेवाका लागि आवश्यक मर्मत सम्भार तथा Customer Support को व्यवस्था गरिएको तथा लाइन बिग्रिएको दिनमै ९० प्रतिशत भन्दा बढी मर्मत कार्य सम्पन्न भइरहेको बताउनु भयो ।

उक्त समारोहमा नेपाल टेलिकमका प्रमुख प्राविधिक अधिकृत राधाकृष्ण ढुंगेल र कम्पनी सचिव राजेन्द्र अर्याल लगायत निर्देशनालय अन्तर्गत कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

दूरसञ्चार कार्यालय पोखरामा हाल सम्म रानीपौवा ओएलटीमा ५५, महेन्द्रपुलमा ४२, पार्दीमा ३७, लामाचौरमा १३, हेम्जामा ५, ढिकुर पोखरीमा १, सराङकोटमा १ र नयाँपुलमा १ एफडीसी (फाइबर डिस्ट्रिब्युसन क्याबिनेट) गरी १५५ वटा एफडीसी सञ्चालनमा रहेका छन् । पोखरामा हालसम्म १६,५७९ लाइन रुपान्तरण तथा ५३०२ नयाँ जडान गरी २१,८८१ लाइन जडान सम्पन्न भएको छ । दू.सं.का. पोखरा अन्तर्गत गोरखा, लमजुङ, मनाङ, स्याङजा, वालिङ, गल्याङ, दमौली, मिर्मी लगायतका स्थानमा यस अगाडि नै कपर लाइनबाट सञ्चालित PSTN लाइनहरु पूर्ण रुपमा FTTH मा रुपान्तरण गरिएको थियो ।

प्रादेशिक निर्देशनालय पोखरामा हाल सम्म ३६७ एफडीसीको एफटीटीएच नेटवर्क कार्य सम्पन्न भई २,०९,५८४ पोर्ट बराबरको नेटवर्क तयार भई ४३,९०७ CPE जडान सम्पन्न भएको छ । प्रा.नि पोखरा अन्तर्गत चालु आ.व. को पहिलो ६ महिनामा ७१ वटा एफडीसीको एफटीटीएच नेटवर्क कार्य सम्पन्न भएको थियो । त्यस्तै आ.व.०७५/७६ मा १० वटा, ०७६/७७ मा २४ वटा, ०७७/७८ मा ४७ वटा, ०७८/७९ मा ९२ वटा र ०७९/८० मा १३३ एफडीसीको नेटवर्क निर्माण कार्य सम्पन भएको थियो । हाल प्रा.नि. पोखरा अन्तर्गत दूरसञ्चार कार्यालय सिसुवामा ३५ वटा एफडीसीको एफटीटीएच नेटवर्क निर्माण कार्य तीव्र गतिमा भइरहेको छ भने दू.स.का कावासोतीमा थप ३० वटा एफडीसीको एफटीटीएच नेटवर्क कार्यको लागि तयारी भैरहेको छ । यसका साथै मुग्लिन-पोखरा राजमार्गको बाटोमा पर्ने थर्पु,जामुने, गुणादी, सत्रसय, तुरतुरे लगायत पुरानो कपर एक्सचेन्ज भएका तथा अन्य नयाँ स्थानमा एफटीटीएच नेटवर्क निर्माण कार्य गर्ने तयारी समेत भइरहेको छ ।

## Nepal Telecom On Wheel ...

(१ पेजको बाँकी)

सो अवसरमा प्रादेशिक निर्देशनालय, काठमाडौं, बागमती प्रदेशका निर्देशक रीना डंगोलले यस्ता कार्यक्रममार्फत कम्पनीका सेवाग्राहीसँग थप अन्तरक्रिया हुनुका साथै कम्पनीको निकटता पनि स्थापित हुने विश्वास व्यक्त गर्नुभयो ।

दू.सं.का. सुन्धाराका कार्यालय प्रमुख दिनेश चन्द्र पन्थीले व्यस्तता तथा अशक्तताका कारण कम्पनीका ग्राहक सेवा केन्द्रमा उपस्थित हुन नसक्ने तथा नभ्याउने सेवाग्राहीहरुका लागि समेत सहजै सबै सेवाहरु घरदैलोमै निरन्तर उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्नुभयो । दू.सं.का. सुन्धाराले यसका लागि ८ कार्य समूह बनाएर कार्यक्षेत्रमा कर्मचारी खटाइरहेको उहाँले बताउनु भयो ।

नेपाल टेलिकम अन हिवल कार्यक्रमको प्रभावकारिता महसुस भए पछि उपत्यकाका दू.सं.का. छाउनी, कीर्तिपुर, इन्द्रायणी, नक्साल र उपत्यका वाहिर समेत केही स्थानमा यसको सुरुवात गरिएको छ । आगामी दिनमा अन्य कार्यालयमा समेत यसलाई विस्तार गरिने छ ।



# आ.व. २०८०।८१ को भौतिक तथा वित्तीय प्रगतिको अर्धवार्षिक बजेट समीक्षा सम्पन्न



नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले निर्धारित लक्ष्य बमोजिम कम्पनीले उपभोक्ताको माग अनुसारका अत्याधुनिक दूरसञ्चार सेवाहरु तीव्र गतिमा विस्तार गरिरहेको बताउनु भएको छ ।

गत फागुन १० गते केन्द्रीय कार्यालयमा आयोजित कम्पनीको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कार्यक्रम तथा बजेटको भौतिक तथा वित्तीय प्रगतिको अर्धवार्षिक समीक्षा कार्यक्रममा बोल्दै उहाँले प्रादेशिक निर्देशनालय तथा सहयोगी इकाईहरुबाट प्राप्त समीक्षात्मक टिप्पणी मनन गर्दा कम्पनी चुनौतीपूर्ण अवस्थामा उभिएको देखिएपनि यसबाट विचलित नहुन र सबैले आफ्नो आफ्नो स्थानबाट कोशिश गरी राजस्व वृद्धिका लागि पहल गर्न समेत जोड दिनुभयो ।

समीक्षा कार्यक्रममा पहाडीले कम्पनीको आम्दानीको मुख्य स्रोतको रुपमा रहेका प्रिपेड र पोस्टपेड सिमकार्डहरुको बिक्री वितरणमा जोड दिन आग्रह गर्दै ग्राहकले सेवा प्रयोग गर्न छाड्ने दर (Churning Rate) मा न्यूनीकरण र अन्तर्राष्ट्रिय कलबाट हुने आम्दानीमा वृद्धि गर्नेतर्फ समेत ध्यान दिनुपर्ने बताउनु भयो । यसका लागि अन्तरविभाग समन्वय गरी कार्य गर्न र सशक्त ढंगले अघि बढ्न व्यापारिक तथा कर्पोरेट इकाईहरुबाट आबश्यक सहयोग प्रदान गर्नका लागि उच्च व्यवस्थापनका पदाधिकारीहरुलाई निर्देशन समेत दिनुभयो ।

समीक्षा कार्यक्रममा प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठले अर्धवार्षिक भौतिक तथा वित्तीय कार्य प्रगति विवरण प्रस्तुत गर्दै राजस्व वृद्धि हुन नसकेको सन्दर्भमा खर्चमा मितव्ययिता अपनाउन सुझाव दिंदै एफटीटीएच नेटवर्क विस्तारमा ध्यान दिनुपर्ने बताउनु भयो । कर्पोरेट ग्राहकलाई प्राथमिकतामा राखी सेवा वितरण गर्नुपर्ने र मर्मत सम्भारको सुनिश्चितता गर्नुपर्ने बताउँदै उहाँले राजस्व वृद्धिका योजनाहरु, खर्चको मितव्ययिताका योजनाहरु, खर्च वृद्धिका कारणहरु र सोको समाधानका उपायहरु समेत प्रस्तुत गर्नुभयो ।

उक्त कार्यक्रममा कम्पनीका विभिन्न विभाग तथा निर्देशनालय र आयोजनाका प्रमुखहरुले ६ महिनाको भौतिक तथा वित्तीय प्रगति विवरण प्रस्तुत गर्नुका साथै आगामी दिनमा सम्पन्न गर्नुपर्ने कार्यका सम्बन्धमा योजनाहरु प्रस्तुत गर्नुभएको थियो । साथै उहाँहरुले प्रस्तावित लक्ष्य प्राप्तिका चुनौतीहरु र केन्द्रीय विभागहरुसँगको अपेक्षा पनि प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नेपाल टेलिकममा क्रियाशील चारवटै युनियनका अध्यक्षहरुले समग्रमा नाफाको लक्ष्य प्राप्तिका लागि काम गर्न अनुरोध गर्दै कार्यसंस्कृतिमा देखिएको विकृतिलाई बन्द गराउन समेत सुझाव पेश गर्नुभएको थियो ।

# डिलर तथा ग्राहकहरू सम्मानित



नेपाल टेलिकमको २०औं वार्षिकोत्सवको अवसरमा विभिन्न डिलर तथा ग्राहकहरुलाई सम्मान गरिएको छ । त्यसैगरी उत्कृष्ट काम गर्ने कार्यालयहरुलाई समेत पुरस्कृत गरिएको छ । वार्षिकोत्सवको अवसरमा प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा र अन्य अतिथिहरुबाट उहाँहरुलाई सम्मानित गरिएको थियो ।

सो अवसरमा २०७९ माघ ०१ गतेदेखि २०८० पौष मसान्तसम्ममा सबै प्रादेशिक निर्देशनालय अन्तर्गत रिचार्ज कार्ड र MPoS/XML रिचार्ज सेवाको सबैभन्दा बढी कारोबार गर्ने एक/एकजना डिलरलाई सम्मानित गरिएको थियो । उहाँहरुलाई दूरसञ्चार कार्यालय सुन्धारा तथा धरहरालाई पृष्ठभूमि बनाएर तयार गरिएको हस्त निर्मित चित्रकला उपहार दिई सम्मान गरिएको थियो । त्यसैगरी एक बर्षसम्म मासिक रु.१४९९ दरको पोष्टपेड रेन्टल समावेश भएको सजिलो अनलिमिटेड प्याक उपलब्ध गराइएको छ ।

यस अनुसार रिचार्ज कार्डतर्फ प्रादेशिक निर्देशनालय काठमाडौंको तर्फबाट ग्यालेक्सी इन्टरनेसनल ट्रेड सेन्टर प्रा.लि. बाँके, नेपालगञ्ज र वा.से.नि. बबरमहल, काठमाडौं अन्तर्गत MPoS रिचार्ज सेवातर्फ एफवान सफ्ट इन्टरनेसनल प्रा.लि. हात्तिसार, काठमाडौं पुरस्कृत भएका छन् । उहाँहरुलाई केन्द्रीय कार्यालयमा आयोजित समारोहमा सम्मानित गरिएको थियो ।

त्यसैगरी अन्य निर्देशनालयमा आयोजित कार्यक्रममा समेत विभिन्न डिलरहरुलाई सम्मानित गरिएको थियो । यस अनुसार रिचार्जकार्ड तर्फ प्रादेशिक निर्देशनालय, विराटनगर, वीरगन्ज र सुर्खेत अन्तर्गत ग्यालेक्सी इन्टरनेसनल ट्रेड सेन्टर प्रा.लि., बाँके, नेपालगञ्ज सम्मानित भएको थियो भने प्रा.नि. भैरहवा अन्तर्गत आरसी मार्केटिङ्ग, रुपन्देही, बुटवल र प्रा.नि.पोखरा अन्तर्गत क्यास पे प्रा.लि., काठमाडौं सम्मानित भएको थियो भने प्रा.नि अत्तरिया अन्तर्गत केदार मोबाइल हाउस, धनगढी, कैलाली सम्मानित भएको थियो ।

नेपाल टेलिकमका विभिन्न सेवामा उच्च बिल भुक्तानी गर्ने ग्राहकहरुलाई समेत सम्मान गरिएको छ । यस अनुसार २०७९ साल माघ १ गतेदेखि २०८० साल पौष मसान्तसम्म कम्पनीका सेवाहरु प्रयोग गरे वापत उच्च बिल भुक्तानी गर्ने ग्राहकहरुलाई एक बर्षसम्म मासिक १४९९ दरको पोष्टपेड रेन्टल समावेश भएको सजिलो अनलिमिटेड प्याक र १ थान हस्त निर्मित Artwork उपहार दिई सम्मान गरिएको छ ।

यसरी सम्मानित हुनेहरुमा पोस्टपेड मोबाइल (संस्थागत) तर्फ हिम इलेक्ट्रोनिक्स प्रा.लि.,गणवहाल, काठमाडौं तथा पोस्टपेड मोबाइल (व्यक्तिगत) तर्फ डम्बर कार्की, गौशाला, काठमाडौं हुनुहुन्छ । प्रिपेड मोबाइल (व्यक्तिगत) तर्फ अनुष्का ठकुरी, वीरगञ्ज सम्मानित हुनुभएको छ भने प्रिपेड मोबाइल (संस्थागत) तर्फ कारागार व्यवस्थापन विभाग,जगन्नाथ देवल, काठमाडौ सम्मानित भएको छ ।

आधारभुत टेलिफोन सेवा (PSTN/FTTH Voice) संस्थागत ग्राहकतर्फ ग्लोवल आईएमई बैक, लिमिटेड, काठमाडौ र व्यक्तिगत ग्राहकतर्फ सुरेन्द्र बहादुर बस्नेत, ललितपुर सम्मानित हुनुभएको छ । SIP PBX तर्फ वर्ल्डलिंक कम्युनिकेसन लि., जावलाखेल, लिज लाइन सेवा सरकारी निकायतर्फ सर्वोच्च अदालत, काठमाडौ र लिज लाइन सेवा निजीतर्फ सानिमा बैंक, काठमाडौं पुरस्कृत भएका छन् ।

CUG अन्तर्गत सबैभन्दा बढी ग्राहक उपलब्ध गराएकोमा नेपाल प्रहरी र सुमो कन्सट्रक्सन एण्ड इन्जिनियरिङ लिमिटेड पुरस्कृत भएका छन् ।

त्यसैगरी लक्ष्यको अनुपातका आधारमा एफटीटीएच वितरणमा प्रगति प्राप्त गर्ने दू.स.का. लाई सम्मान गर्ने क्रममा केन्द्रीय कार्यालयमा सञ्चालित कार्यक्रममा दूरसञ्चार कार्यालय, चावहिल सम्मानित भएको छ । त्यसैगरी सम्बन्धित प्रादेशिक निर्देशनालयहरुमा सञ्चालित कार्यक्रममा प्रा.नि. विराटनगर अन्तर्गत दूरसञ्चार कार्यालय, धनकुटा, प्रा.नि. वीरगञ्ज अन्तर्गत दूरसञ्चार कार्यालय, परवानीपुर पर्सा, प्रा.नि. भैरहवा अन्तर्गत दूरसञ्चार कार्यालय, बिजुवार प्युठान, प्रा.नि. पोखरा अन्तर्गत दूरसञ्चार कार्यालय, दमौली, प्रा.नि. सुर्खेत अन्तर्गत दूरसञ्चार कार्यालय, कालीकोट र प्रा.नि. अत्तरिया अन्तर्गत दूरसञ्चार कार्यालय, दार्चुला पुरस्कृत भएका छन् ।

# देशभरका विमानस्थलहरूमा फ्रि वाइफाई इन्टरनेट उपलब्ध हुने

नेपाल टेलिकमले नेपालभित्र हाल सञ्चालनमा रहेका ३४ विमानस्थलहरुमा फ्रि वाइफाई इन्टरनेट सेवा उपलब्ध गराउने भएको छ। यस सम्बन्धमा नेपाल टेलिकम र नेपाल नागरिक उड्डयन प्राधिकरण बिच गत २०८० फागुन ११ गते सहमति भएको छ।

सो सहमति पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रमुख व्यावसायिक अधिकृत विनिता श्रेष्ठ र नेपाल नागरिक उड्डयन प्राधिकरणको तर्फबाट उपमहानिर्देशक जगन्नाथ निरौलाले हस्ताक्षर गर्नुभएको छ।

सहमति पत्र अनुसार नेपाल टेलिकमले त्रिभुवन विमानस्थलको अन्तर्राष्ट्रिय र आन्तरिक टर्मिनलतर्फ आगमन र प्रस्थान कक्षमा फ्रि वाइफाई नेटवर्क जडान गर्नेछ भने नेपालभित्र सञ्चालित अन्य विमानस्थलहरुमा समेत चरणबद्ध रुपमा फ्रि वाइफाई इन्टरनेट सेवा सञ्चालन गर्नेछ।

त्यसैगरी विमानस्थलभित्र यात्रुहरुलाई सजिलो हुने गरी उपयुक्त स्थानमा कम्पनीका सेवा सम्बन्धी जानकारी उपलब्ध गराउनका लागि सूचना तथा सहायता कक्ष स्थापना गरिने छ।

फ्रि वाइफाई नेटवर्क सेवा सञ्चालन तथा व्यवस्थापनको लागि उपकरणहरु जडान गर्न आवश्यक उपयुक्त स्थान उपलब्ध गराउने र अन्य व्यवस्थापनका लागि आवश्यक कार्य नागरिक उड्डयन प्राधिकरणले गर्नेछ। त्यसैगरी यात्रुहरुलाई सुविधा हुने गरी मोबाइल चार्जिङ स्टेसन राख्ने स्थान समेत प्राधिकरणले उपलब्ध गराउने छ। यस अघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा फ्रि वाइफाई सेवा सञ्चालन गर्ने सहमति भइसकेको छ भने अब विमानस्थलको सबै स्थानमा सेवा उपलब्ध हुनेछ।



# विद्युत महसुल 'नमस्ते पे' वालेट मार्फत भुक्तानी गरिने



नेपाल टेलिकमका नेपालभर रहेका बीटीएस टावर तथा एक्सचेन्जहरुका जडित विद्युत मिटरमा हरेक महिना खपत हुने विद्युतको महसुल नमस्ते पे वालेटमार्फत भुक्तानी गरिने भएको छ।

यस सम्बन्धमा गत फागुन १ गते सम्झौता सम्पन्न भएको थियो। सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र नमस्ते पे सञ्चालन गरिरहेको नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रवीण राज पोखरेलले हस्ताक्षर गर्नुभएको थियो।

सो सम्झौता अनुसार नेपाल टेलिकमले विद्युत महसुल भुक्तानी तथा लेखांकन गर्ने जिम्मेवारी भएको सम्बन्धित निर्देशनालय, लेखा कार्यालय, विद्युत मिटर जडान भएको बीटीएसको SC Number, Consumer ID, NEA वितरण केन्द्र सहितको विवरण आदि नेपाल डिजिटल पेमेन्ट्स कम्पनीलाई उपलब्ध गराउने छ। यसका लागि देशभर रहेका विभिन्न प्रादेशिक निर्देशनालयहरुले क्रमैसँग नेपाल डिजिटल पेमेन्ट्स कम्पनीलाई विवरण उपलब्ध गराउने छन् र यस अनुसार कम्पनीले विद्युत महसुल भुक्तानी गरी सो को जानकारी नेपाल टेलिकमलाई दिनेछ। सो महसुल रिबेट पाउने अवधिभित्रै भुक्तानी गर्नु पर्नेछ।

मासिक रुपमा भुक्तानी गर्नुपर्ने विद्युत महसुल भुक्तानी गरे पश्चात भुक्तानी गरेको बिल अन्य आवश्यक कागजातसहित पेश गरे पछि नेपाल टेलिकमले नेपाल डिजिटल पेमेन्ट्स कम्पनीलाई तोकिएको सेवा शुल्क भुक्तानी दिनेछ। यसबाट देशभर विभिन्न स्थानमा रहेका नेपाल टेलिकमका संरचनाहरुको विद्युत महसुल समयमै सहज तरिकाले भुक्तानी हुने र सेवा सुचारु राख्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# क्यान इन्फोटेकमा नेपाल टेलिकमको सहभागिता




कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) महासंघले गत माघ २५ देखि २९ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरेको २९औं संस्करणको बृहत् सूचना सञ्चार प्रविधि प्रदर्शनी 'क्यान इन्फोटेक २०२४' मा नेपाल टेलिकमले सहभागिता जनाएको छ।

उक्त प्रदर्शनीको डायमन्ड स्पोन्सर समेत रहेको नेपाल टेलिकमले आफ्नो स्टलमार्फत पछिल्लो समयमा उपलब्ध गराएका विभिन्न सेवा सुविधाको बारेमा जानकारी प्रदान गर्नुका साथै ग्राहक सेवासँग सम्बन्धित विभिन्न सुविधा समेत उपलब्ध गराएको थियो।

अवलोकनकर्ताहरुले कम्पनीको स्टलमार्फत ई-सिम प्राप्त गर्नुका साथै कम्पनीले परीक्षण गरिरहेको फाइभजी प्रविधिको बारेमा समेत जानकारी लिए। सो अवसरमा निःशुल्क सिम पनि वितरण गरिएको थियो। कम्पनीले उपलब्ध गराइरहेको विभिन्न प्रकारका अफर र यसको खरिद प्रक्रिया बारेमा अवलोकनकर्ताहरुलाई जानकारी गराइएको थियो। हाल कम्पनीले उपलब्ध गराइरहेको एनटी फाइबर र यसको माग दर्ता गर्ने तरिका र अन्य विभिन्न विषयमा अवलोकनकर्ताहरुले जानकारी लिएका थिए।

उक्त स्टलमा 'नमस्ते पे' को पनि सहकार्य रहेको र अवलोकनकर्ताहरुलाई 'नमस्ते पे' को बारेमा जानकारी प्रदान गरी यसको प्रयोग बढाउने उद्देश्यका साथ विभिन्न प्रवर्द्धनात्मक कार्य समेत गरिएको थियो।

# वार्षिकोत्सवको अवसरमा एक दिने चित्रकला कार्यशाला सम्पन्न

नेपाल टेलिकमको २०औं वार्षिकोत्सवको अवसरमा एक दिने कार्यशाला सम्पन्न भएको छ। गत माघ १९ गते क्रिएटिभ स्कल्पचरले आयोजना गरेको सो कार्यशालामा ३० जना प्रतिष्ठित कलाकारहरुले नेपाल टेलिकम र यसको सेवा सम्बन्धी चित्रकला प्रस्तुत गरेका थिए।



नेपाल टेलिकमको सेवा सम्बन्धमा बनाइएका चित्रहरुबाट कम्पनी र यसको सेवाको झलक पाउन सकिन्छ। सबै कलाकार एकै स्थानमा बसेर क्यानभासमा बनाइएका चित्र निकै आकर्षक रहेका छन्। कलाकारहरुलाई नेपाल टेलिकमको प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक हरि ढकालले प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Santosh Khanal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal